आज मिति २०७६/१२/१९ गते बिहिबारका दिन विहान ११ ०० बजे यस इच्छाकामना गाँउपालिकाका अध्यक्ष श्री गिता कुमारी गुरुङगज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६८औं बैठक बस्यो । आजको बैठकको उपस्थिति एवं निर्णय तपसिल बमोजिम रहेको छ ।

| दस्तखत | नामथर | पद |
|---|---|---|
| | गीता कुमारी गुरुङग | गा पा अध्यक्ष |
| | कृति कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष |
| | श्री नन्दलाल गिरी | वडा अध्यक्ष वडा नं. १ |
| | श्री पन्च ब प्रजा | वडा अध्यक्ष वडा नं. २ |
| | श्री गोर्वद्धन अधिकारी | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री होम ब राना मगर | वडा अध्यक्ष वडा नं. ४ |
| | मोदराज सिलवाल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भुपेन्द्र प्रजा | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री बम ब थापा मगर | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री सावित्री गुरुङग | कार्यपालिका सदस्य महिला |
| | श्री निर्मला श्रेष्ठ | कार्यपालिका सदस्य महिला |
| | श्री मन कुमारी सुनार | कार्यपालिका सदस्य महिला दलित |
| | श्री दमन कुमारी चेपाङ्ग | कार्यपालिका सदस्य महिला |
| | श्री भद्र ब प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री मन ब प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विनोद अर्याल | अधिकृत लेखा |

- <u>प्रस्तावहरु</u>
- समन्वय समिति गठन सम्वन्धमा ।
- भारत लगायतका विदेशी मुलुकबाट आउने नागरिकहरुको निगरानी सम्वन्धमा ।
- गरिब र मजदुरहरुको लागि राहत प्याकेज सम्वन्धमा ।
- घरभाडा सम्बन्धमा ।
- आयोजनाहरुको म्याद थप सम्बन्धमा ।
- स्वास्थ्यकर्मी कर्मचारीहरुको सुरक्षा र प्रोत्साहन

- <u>निर्णय नं १</u>

चीनको वुहानबाट फैलिएको कोरोना भाईरस रोगको संक्रमण विश्वका विभिन्न मुलुकमा फैलदो क्रममा रहेको र आजको मितिसम्ममा ४२ हजार भन्दा बढी मानिसहरुको मृत्यु भइसकेको र नेपालमा समेत ५ जना व्यक्तिहरुलाई लागेको सन्दर्भमा यस गाउँपालिकामा यसको संक्रमण भित्रीन र फैलन नदिन देहाय बमोजिमको १ स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

<u>गाउँपालिकास्तरमा</u>

| | |
|---|---|
| गाउँपालिकाको अध्यक्ष | संयोजक |
| गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| सबै वडाका वडाध्यक्ष | सदस्य |
| कार्यपालिका सदस्यहरु | सदस्य |
| गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाका प्रमुखहरु | सदस्य |
| स्थानीय समाजसेवीहरु मध्येबाट कार्यपालिकाबाट मनोनित पाँचजना | सदस्य |
| सम्वन्धित स्थानीय तहको रेडक्रशको प्रतिनिधि | सदस्य |
| सम्वन्धित स्थानीय तहको स्वास्थ्य संयोजक | सदस्य सचिव |

उपरोक्त बमोजिम स्थानीय समाजसेवीहरु मध्येबाट निम्न ५ जनालाई मनोनित गर्ने निर्णय गरियो ।

संजिव सिलवाल
देवलाल गुरुङग
रामबहादुर लामा
स्वजन शेरचन
मनोज त्रिपाठी

<u>प्रत्येक वडामा</u>

| | |
|---|---|
| १ सम्वन्धित वडाको वडाध्यक्ष | संयोजक |
| २ सम्वन्धित वडाका जनप्रतिनिधि | सदस्य |
| ३ सम्वन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रतिनिधि | सदस्य |
| ४ सम्वन्धित वडामा रहेको विध्यालयको प्रधानाध्यापक | सदस्य |

५ स्थानीय वडाका समाजसेवीहरुमध्येबाट वडाले मनोनित गरेका पाँचजना सदस्य
६ सम्वन्धित वडा कार्यालयको सचिव वा निजको काम गरिरहेको व्यक्ति सदस्य सचिव

- <u>निर्णय नं २</u>

  भारत लगायतका विदेशी मुलुकबाट आउने नागरिकहरुको निगरानी गर्ने र निजहरुलाई होम क्वारेन्टाइनमा बस्न अनुरोध गर्ने र बसे नबसेको सम्वन्धमा निरीक्षण निरगरानी वडास्तरीय समन्वय समितिले गर्ने निर्णय गरियो ।

- <u>निर्णय नं ३</u>

  गाउँपालिकाको नाममा ग्लोवल आइएमई बैंक कुरीनटारमा विपद व्यवस्थापन कोष खाता खोल्ने र गाउँपालिकाले छुट्याएको रकम उक्त कोषमा जम्मा गरी उक्त रकम मध्येबाट हाललाई सम्वन्धित वडाले दैनिक ज्यालादरी गरी खाने मजदुरवर्गहरुको पहिचान गरी प्रति परिवार चामल १० केजी, नून १ केजी, तेल १ लिटर, मुसुरोको दाल २ केजी वितरण गर्ने निर्णय गरियो । उपरोक्त राहत सामाग्री सम्वन्धित वडाको वडाध्यक्षको नेतृत्वमा वडामा रहेका जनप्रतिनिधि कर्मचारी र समन्वय समिति टोल विकास संस्थाको सहयोगमा वितरण गर्ने निर्णय गरियो ।

- <u>निर्णय नं ४</u>

  घरभाडा सम्वन्धमा नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयन गरिदिन घरधनीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

- <u>निर्णय नं ५</u>

  यस गाउँपालिकामा उपभोक्ता समिति, निर्माण ब्यवसायी, र परामर्शदाताहरुमार्फत सञ्चालित आयोजनाहरुको म्याद चैत्र मसान्तसम्म राखिएकोमा यी सबै आयोजनाहरुको म्याद २०७७ जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

- <u>निर्णय नं ६</u>

  यस गाउँपालिकाका स्वास्थ्य शाखामा काम गर्ने कर्मचारीहरु र २ जना हल्का सवारी चालक २ जनालाई प्रोत्साहन खर्च स्वरुप १ महिनाको तलब उपलब्ध गराउने निर्णय गरियो । साथै कोरोनाको शंकागरी चेकअपको लागि भरतपुर पठाइएका यस गाउँपालिकाका बिरामीहरुलाई उपचार गर्ने स्वास्थ्यकर्मीहरुका जोखिमभता स्वरुप कार्यपालिकाको निर्णयानुसार थप प्रोत्साहन खर्च उपलब्ध गराउने निर्णय गरियो ।